# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्या: ८ | मिति : २०८०/०४/०८

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८०/०४/०८ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको नियम नं. ८

गेरुवा गाउँपालकिाको आपत्कालिन अग्रिम कार्ययोजना २०८०

### गेरूवा गाउँपालिकाको संक्षिप्त परिचय

गेरूवा गाउँपालिका नेपालको ५ नम्बर प्रदेश अन्तर्गत रहेको बर्दिया जिल्लाको पश्चिम भेगमा कर्णाली नदिले बनाएको टापु मा अवस्थित रहेको छ । गेरूवा गाउँपालिका स्थापना २०७३।११।२७ गते भएको हो। साबिकका **पाताभार** , **गोला, पशुपतिनगर र मनाउ गाविस** लाइ एक गरि यस गेरूवा गाउँपालिकाको निर्माण गरिएको हो।यस गाउँपालिका लाइ ६ वटा वडामा विभाजन गरिएको छ र यस गाउँपालिकाको केन्द्र **पशुपतिनगर** लाइ तोकिएको छ ।

यसको **पूर्वमा** बर्दिया राष्टिय निकुजं र गेरूवा नदि,**पश्चिममा** राजापूर नगरपालिका, कैलाली र कर्णाली नदि,**उत्तरमा** कैलाली जिल्ला **दक्षिणमा** राजापूर नगरपालिका रहेका छन्। गेरूवा गाउँपालिकाको भैगोलिक अवस्थिति २८ २४१८१७ देखि २८ ३५३६०४ उत्तरी अक्षास सम्म र देखि पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुन्द्र सतहबाट १४५ मिटर देखि १८० मिटर सम्मको उचाइमा फैलिएको छ । गेरूवा गाउँपालिकाको **कुल क्षेत्रफल ७८४१ बर्ग किमि** रहेको छ। यहाँका कुल जनसंख्या ४० हजार रहेको छ ।
यस गाउँपालिकाक प्रमुख भाषा थारू र नेपाली हुन।गेरूवा गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरू शान्तिबजार, पथरैया, नवज्वतिबजार, प्रशेनीपूर हुन । यो क्षेत्रका बासिन्दाहरू मुख्य रूपमा कृषि पेशामा संलग्न रहेका छन। धान यस क्षेत्रको मुख्य बाली हो साथै गहुं, मकै, दलहन र तरकारी हुन। परम्परागत रूपमा पशुपालन समेत यस क्षेत्रमा गरिदै आएको छ । यो गाउँपालिकामा उष्ण तथा समषिताष्ण हावापानी रहेको छ तथा वर्षातमा अत्यधिक पानी पर्ने गर्दछ ।

यातायातका हिसाबमा रिगंरोड र सिचाइ सडक प्रमुख हुन भने कच्ची सडकले यो क्षेत्रका बासिन्दाहरूलाइ आवातजावातमा टेवा दिइरहेका छन।

शिक्षा क्षेत्रमा भन्नुपर्दा यस गाउँपालिकामा ५ वटा मावि ७ वटा आधारभुत ५६ वटा प्रारम्भिक बाल विकास केन्द्र रहेका छन। स्वास्थ्य क्षेत्रमा यहाँ ४ वटा स्वास्थ्य चौकी, १ वटा आयूर्वेद औषधालय र १ वटा सामुदायिक स्वास्थ्य इकाइ तथा ७२ जना ग्रामिण स्वास्थ्य स्वयमंसेविकाहरूले सेवा दिइरहेका छन।

प्रशासनिक रूपमा यस गाउँपालिकालाइ ६ वडामा विभाजन गरिएको छ र वडा कार्यालय तथा तिनका केन्द्रको विवरण यस प्रकार रहेको छ।

| समावेश भएका साविक गा।वि।स।न।पा।हरू | साविक वडा नं। | कायम भएको वडा नं। | केन्द्र | कैफियत |
|---|---|---|---|---|
| पाताभार | १,६-८ | १ | बगहीपूर | |
| पाताभार | ३-५ | २ | पाताभार | सावीकको पाताभार गा।वि।स।को कार्यालय |
| पाताभार | २,९ | ३ | शान्तिबजार | |
| गोला | १-९ | ४ | गोला | |
| पशुपतिनगर | १-९ | ५ | पथरैया | साविकको पशुपतिनगर गा।वि।स।को कार्यालय |
| मनाउ | १-९ | ६ | प्रशेनीपूर | साविकको मनाउ गा।वि।स।को कार्यालय |

## पालिकाको बन्दोबस्ती क्षमता लेखाजोखा

# उच्च जोखिम समुदायको पहिचान

### गेरुवा १ नं. वडा उच्च जोखिममा रहेका टोलहरुः-

क) सर्खोल, सोनाहा टोल, मुक्तिपुर, माधवपुर, बगहीपुर, मिलनपुर, थापापुर, भठेरा, बनखेत, जनकनगर,चमकपुर, बरका पुरुवा, उत्तर पुरुवा, बनपुरुवा, पत्वारीपुर, मदाहाकोन्टी, पशिचमपुर स्कुलटोल ।

### गेरुवा २ नं. वडा

ख) राजिपुर, पहाडी टोल, सुकुमबासी टोल, सोनाहा टोल, बनघुस्रा, भैरमपुरको उच्वा टोल, तिकलीगढको श्रीलंका, उल्टनपुर, पाताभार, सिंगाही । (बाढी आएको समयमा घर, गाईबस्तु, घरपालुवा जनावरहरु, अन्नवाली, मानविय क्षति)

**गेरुवा ३ नं. वडा**

ग) खुटेहना, लोहारपुर, सनकट्टी, बनकट्टी, बालुवाटार, गणेशपुर, सोनाहाटोल, भगतपुर

**गेरुवा ४ नं. वडा**

घ) शान्तिपुर ढुकुनिया, राजिपुर, दक्षिणगोला, खल्लागाँउ, दंगपुर, खोनपुर, उत्तरगोला, गिदरपुर, नवज्योतिबजार, मैनापोखर, तिनघरुवा

**गेरुवा ५ नं. वडा**

ङ) स्याउली बजार, बन्जरियाको नदि क्षेत्र, बिन्द्रा, मुक्तकमैया टोल, सुखाडको मुक्त कमैया टोल, उत्तर पथरैयाको झरन टोल, पहाडीपुर, झरना तिरको टोल, हरिपुर, मैनानाला तिर, कटेशपुर, झबही, झरनतिर, बुढीकुलो तिर, पथरैयाको पत्वारीपुर, पथरैयाको डुवान क्षेत्र आदि

**गेरुवा ६ नं वडा**

च) सोनाहाफाँट, हात्तीखल्ला, गुप्तिपुर, सोनाहागाँउ, लाहोरपुर (मैला नाला किनार र लालपुर कुलो पश्चिम) राम नगर पश्चिम किनारा, बेलभरियाको पश्चिम किनार, गौचरण, नोरङ्गा, लोहागढी, प्रसेनीको पूर्व किनार,नारायणपुर मनाउ

## पुर्व सूचना प्रणाली

१) पूर्व सुचना कहाँबाट प्राप्त गर्न सकिन्छ ?

- जल तथा मौसम विज्ञान महाशाखा कार्यालय
- विभिन्न वेवसाइटबाट
- जिल्ला विपद् व्यवस्थापन शाखा, प्रशासन कार्यालय
- जिल्ला आपतकालिन कार्य संचालन केन्द्र बर्दिया DEOC प्रशासन कार्यालय
- गेज रिडर (पार्वती गुरुङ्ग)
- सामाजिक सञ्जाल
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्र LEOC गा.पा.
- वडा कार्यालय CDMC, WDMC, Communication Channel
- वडघर चौकीदार
- रेडक्रस, मिडिया, एस.एम.एस
- ईलाका प्रहरी कार्यालय आदी

कसरी प्राप्त हुन्छ ?

- बेइवसाईड, मोबाईल, एसएमएस, फेसबुक, रेडियो, टेलिभिजन, बडघर, मिडिया, CDMC, LEOC

समुदायमा कसरी सम्प्रेषण गर्ने ?

स्थानीय, पत्रकार, एफएमबाट सुचना दिने, LEOCFacebook Page, CDMC, प्रहरी, बडघर, चौकीदार, गाउँपालिका, वडा कार्यालय, मोबाईल, एसएमएस

- साईरन

- हातेमाइक
- झण्डा
- महिला स्वयमसेविका, आमा समुह, युवा/बाल क्लव आदी

**सूचना प्राप्त भएपछि**

स्थानीय तहः

- स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने
- १० दिने सुचना ३ दिन अगाडी पूर्व तयारी सुरु गर्ने
- ७ दिने सूचना २ दिन अगाडी पूर्व तयारी सुरु गर्ने
- ३ दिने सूचना दिन अगाडी पूर्व तयारी सुरु गर्ने
- २४ घण्टे सूचना तुरुन्त तयारी गरी न्य बजभबम
- अनुगमन टोली गठन गर्ने र अनुगमन गर्नै
- विपद् उद्धारका सामाग्रीहरु तयारी अवस्थामा राख्ने
- वडा स्तरिय विपद् व्यवस्थापनको बैठक बस्ने
- ऋम्ऋ ध्मऋ, ऋयकगलष्अबतष्यल ऋजभललबि, बडघर, चौकीदारहरुलाई सक्रिय बनाउने
- क्जभतिभच ज्यगकभ, जोखिम क्षेत्र, संकटासन्न समुदाय, पहिचान गर्ने
- विषयगत क्षेत्रलाई सक्रिय गराउने
- विपद् सम्बन्धी काम गर्ने गैर सरकारी संस्थाहरुसँग समन्वय गर्ने
- जिल्ला विपद् व्यवस्थापन र जिल्ला रेडक्रस संग समन्वय गर्ने

**बिषयगत शाखा**

- बिषयगत शाखाले पालिकाले विपद् बैठकबाट गरेको निर्णयलाई तत्काल कार्यान्वयन गर्ने

घरधुरीले के-के गर्ने

- झट्पट झोला तयारी गर्ने
- सामाजिक सुरक्षाको दायरामा पर्ने समुदायलाई सुरक्षित स्थानमा लैजाने (२४ घण्टे सुचनामा)
- १० दिने र ७ दिने सुचनाको आधारमा बालीनाली व्यवस्थापन गर्ने
- ३ दिने र २४ घण्टे सुचनाको आधारमा पशु चौपाया सुरक्षित स्थानमा सार्ने/राख्ने ।

# बजार

**गेरुवा गाउँपालिका वाड नं. १ का बजाहरुः**

१) बिहानी बजार

२) बसपार्क बजार (जनकनगर)

बिहानी बजारमा उपलब्धता :

- तयारी खानाहरु बढी आउँदा अप्रयाप्त हुने । बिहानीबजार जाने बाटो रिङ रोड भन्दा ५०० मिटर भित्र कालोपत्रे भएको । बजार पुग्ने दुरी १ देखि १.५ कि.मि. सम्म
- लत्ता कपडाहरुप नि बाढी आउँदा अप्रयाप्त हुने
- त्रिपाल पाउन अतिनै अप्ठ्यारो
- प्राथमिक उपचार बाहेक अन्य उपचार नहुने

बसपार्क बजार (जनकजनगर)

- तयारी खानाहरु बाढी आउँदा पाउन नसकिने
- लत्ताकपडाको पसल सिमित भएको
- त्रिपाल पनि पाउन नसकिने
- प्राथमिक उपचारको लागि सामान्य उपचार मात्र
- बसपार्क बजार जाने बाटो रिङ रोडसँग जोडिएको जान आउन समस्या नभएको
- बैकल्पिक बाटो गेरुवा गाउँपालका वडा नं. ४ शान्तिपुर ढुकुनिया भएको
- समान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

**गेरुवा गाउँपालिका वाड नं. २ का बजाहरुः**

१) भैरमपुर बजार

भैरमपुर बजारमा उपलब्धताः

- तयारी खानाको अप्रयाप्तता
- लत्ता कपडाको पसल नभएको
- त्रिपाल प्राप्त मात्रामा पाउन गारो
- प्राथमिक उपचार समान्य भएको
- बजार जाने बाटो २ वडाको प्रमुख बाटोसँग जोडिएको
- बजार पुग्ने दुरी ५०० मिटर देखि १ किलोमिटरसम्म रहेको
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

गेरुवा गाउँपालिका वडा नं. ३ को बजारहरु

१) शान्तिबजार

शान्तिबजारको उपलब्धता

- तयारी खानाको प्रयाप्तता
- लत्ता कपडाको प्रयाप्तता
- त्रिपालको प्रयाप्तता
- बाटो कालो पत्रे, सहायक बाटोहरु पनि रहेको
- बजार पुग्ने दुरी ५ सय मिटर देखि १ किलोमिटर रहेको
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

## गेरुवा गाउँपालका वडा नं. ४ को बजारहरु

१) नवज्योति बजार

नवज्योति बजारका उपलब्धता

- तयारी खाना प्रयाप्त छैन
- लत्ता कपडा सामान्य भएको
- त्रिपाल पाउन नसकिने
- प्राथमिक उपचार सामान्य
- बजार बाढी आउँदा संकटापूर्ण अवस्थामा छ ।
- बैकल्पिक बाटो प्रसस्त छ ।
- बजार पुग्ने दुरी ५ सय मिटर देखि १ किलोमिटरसम्म
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

## गेरुवा गाउँपालिका वडा नं. ५ का बजारहरु

१) पशुपतिनगर (पथरैया बजार)

२) बिन्द्रा बजार

पशुपतिनगर (पथरैया बजार) का उपलब्धता :

- तयारी खाना समान्य भएको
- लक्ता कपडा सामान्य भएको
- त्रिपाल पाउन अफठ्यारो
- प्राथमिक उपचार सामान्य
- बैकल्पिक बाटो प्रसस्त
- बजार पुग्ने दुरी ५०० मिटर देखि १.५ किलोमिटरसम्म
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

बिन्द्रा बजारका उपलब्धताः

- तयारी खाना अप्रयाप्त
- लक्ता कपडा सामान्य
- त्रिपाल पाउन सामान्य
- प्राथमिक उपचार सामान्य
- बैकल्पीक बाटो प्रसस्त भएको
- बजार पुग्ने दुरी बढीमा ५)) मिटर रहेको
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

## गेरुवा गाउँपालिका वडा नं. ६ का बजारहरु

प्रसेनी बजार

प्रसेनीबजारका उपलब्धताहरुः

- तयारी खाना सामान्य
- लक्ता कपडा सामान्य
- त्रिपाल सामान्य पाउने
- प्राथमिक उपचार समान्य
- बैकल्पिक बाटो प्रसस्त भएको
- बजार पुग्ने दुरी ५०० मिटर देखि ३ किलोमिटरसम्म
- सामान आउने बजारः राजापुर, टिकापुर, लम्की, गुलरिया, ताराताल, नेपालगंज

## वडा नं. १ देखि ६ वडासम्मका वित्तिय संस्थाहरुको विवरणः

- वडा नं. १ बिहानी बजारमा विहानी सहकारी IME
- वडा नं. २ वित्तिय संस्था नभएको प्रक्रियामा रहेको
- वडा नं. ३ वित्तिय संस्थाहरुमा साइन रेसुङ्गा डेभलपमेन्ट बैंक शान्तिबजार, ज्ञान गंगा मनि ट्रान्सफर शान्तिबजार, साना किसान कृषि सहकारी शान्तिबजार, विश्वासिलोा शाखा (ऋण तथा बचत), मुस्कान सहकारी, एनआईसी एसिया सहकारी
- वडा नं. ४ वित्तिय संस्थाहरुः बिटिएस सेवा केन्द्र IME
- वडा नं. ५ वित्तिय संस्थाहरुः नेपाल इन्भेष्ट मेगा बैङ्क पशुपतिनगर, IME ट्रान्सफर बर्षा साना कीसान सहकारी १ लगायत ३ वटा रहेको
- वडा नं. ६ वित्तिय संस्थाहरुः साना किसान सहकारी प्रसेनीपुरमा IME सुविधा, सहकारीहरु रहेका

नोटः गेरुवा गाउँपालिका देखि १ घण्टा देखि ४ घण्टासम्म यस गा.पा. मा रहेका बजारमा सामान ढुवानी गर्न लाग्ने समय हो ।

### ४ सुरक्षित स्थान तथा बैकल्पिक मार्ग

| वडा नम्बर. | प्रभावित क्षेत्र | सुरक्षित स्थान | बैकल्पिक मार्ग समुदाय देखि सुरक्षित स्थानसम्म | बैकल्पिक मार्ग | सवारी साधन | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सरखोल, सोनाहागाँउ, माधवपुर | सरखोल स्कुल, वडा कार्यालय, जनकनगर स्कुल | शान्तिबजार मेन रोड हुँदै स्कुलसम्म, गा.पा. बाट मेन रोड हुँदै जनकनगर स्कुलसम्म | | ठुलो सवारी साधन जान सक्ने | गा.पा., वडा, सुरक्षा निकाय | INGO, GRM, NGO बर्दिया राष्ट्रिय निकुञ्ज | |
| २. | उल्टनपुर, राजिपुर, बनघुस्रा, भैरमपुर, टिकुलीगढ, पाताभार, सिङघाई | सेल्टर हाउस, राजिपुर स्कुल, पाताभार स्कुल | उत्तर सोनाहा टोल देखि सेल्टर हाउससम्म दक्षिण सोनाहा टोल देखि सेल्टर हाउस हुँदै राजिपुर स्कुलसम्म | | ,, | गा.पा., वडा, सुरक्षा निकाय | ,, | |
| ३ | खुटेहना, लोहारपुर, सोनाहा गाउँ, सनकट्टी,, बनकट्टी,खलला टोल, गणेशपुर मन्दिर टोल | चौतारा, क्लिनिक भवन, बनकट्टी स्कुल, सेल्टर हाउस, सनकट्टी गणेशपुर स्कुल | ग्राभेल बाटो चौतारी, नयाँ कल्भर्ट क्लिनिक मेन रोड स्कुल | शान्तिबजार बनकट्टी बनघुस्रा | ,, | गा.पा., वडा, सुरक्षा निकाय | ,, | |
| ४ | शान्तिपुर, राजिपुर, दङपुर, गोला दक्षिणपुर, खल्लागाउँ , खोनपुर,उत्तर गोला | खल्लागाउँ सेल्टर, दक्षिणगोला सेल्टर, गोला स्कुल, खोनपुर स्कुल, राजिपुर सेल्टर | ग्राभेल बाटो सेल्टरहाउस, ग्राबेल बाटो सेल्टर हाउस, ग्राभेल बाटो स्कुल | ,, | ,, | गा.पा., वडा, सुरक्षा निकाय | ,, | |
| ५ | स्याउली बजार, मैलाटोल, सुखाड विस्यन टोल, | स्याउलीबजार सेल्टर, बिन्द्रा स्कुल, सुखाड स्कुल, पथरैया स्कुल | ग्राभेल बाटो सेल्टरहाउस, ग्राबेल बाटो सेल्टर हाउस, ग्राभेल बाटो स्कुल | ,, | ,, | गा.पा., वडा, सुरक्षा निकाय | ,, | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हरीपुर दक्षिण टोल, मुक्तकमैया टोल, मुक्तकमैया टोल बिन्द्रा, पथरैया दक्षिण टोल | | | | | | | |
| ६ | सोनाहाफाटा, गुप्तीपुर, सोनाहागाँउ, लोहागड, नौरङ्गा, उत्तर मनाउँ | सोनाहाफाटा सेल्टर, गुप्तीपुर सेल्टर, पर्सेनी स्कुल, मदन चोक धर्मभक्त स्कुल | ग्राभेल बाटो सेल्टरहाउस, ग्राबेल बाटो सेल्टर हाउस, ग्राभेल बाटो स्कुल | ,, | ,, | गा.पा., वडा, सुरक्षा निकाय | ,, | |

## ५. संरक्षण

१. संरक्षण कसलाई ? प्रकोप प्रभावित समूह -बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, गर्भवति महिला, महिला)
२. लैंगिकमैत्री भवन भएको

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | प्रकोप प्रभावित समूदायको संरक्षण शान्ति सुरक्षाको व्यवस्था गर्ने, सुरक्षित स्थानसम्म पुऱ्याउने, महिला पुरुषको अलग अलग व्यवस्था गर्ने, सुत्केरी महिला कोठा व्यवस्थापन गर्ने, अपाङ्ग, जेष्ठ नागरिक, घाईतेहरुको उपचार र खानेपानीको व्यवस्था गर्ने । | गेरुवा गाउँपालिका वडा कार्यालयहरु रेडक्रस सुरक्षा निकाय | C.D.M.C को कार्यालय, C.S.D.R. W.D.M.C. को कार्यालय, L.D.M.C. Red Cross Society, नेपाल प्रहरी नेपाली सेना, बडघर, चौकीदार, युवा संजाल, स्वास्थ्यकर्मी, महिला स्वयमसेवीका, राजनैतिक लका प्रतिनिधीहरु, स्थानीय संस्था, गैरस्थानीय संघ संस्थाहरु, छिमेकी गाउँ, टोल, पूर्व सुचनामा आदी | स्वदेशी, विदेशी निकायहरु गुड नेवर, प्लान नेपाल, प्राक्टिकल एक्सन, एक्सन एड, युनिसेफ, विश्व खाद्य कार्यक्रम |

## आपत्कालिन कार्य योजना

### पूर्व सुचना सम्बन्धी अग्रिम कार्य

७ दिने गतिविधी

- विपद व्यवस्थापन समितिको बैठक
- कार्य विभाजन (जिम्मेवारी सहित)
- समन्वय (वडा, टोल, जिल्ला, आपतकालिन सेन्टर, सुम्पूर्ण सुरक्षा निकाय, रेडक्रस, NGO INGO, CDMC, Communication Channel, अन्य सबै सरोकारबाला निकायहरु, संचार माध्यम, एफ.एम, रेडियो, साइरन, हेण्ड माइक, झण्डा, SMC
- अनुगमन समितिको गठन तथा पूर्नगठन
- विषयगत शाखाहरुलाई सक्रिय बनाउने, गेज रिडर चिसापानीमा समन्वय गर्ने

जिम्मेवार निकायः

गाउँपालिका, सबै प्रकारका सुरक्षा निकाय, सम्पूर्ण वडा कार्यालय, CDMC, रेडक्रस, Communication Channel, खोज तथा उद्धार दल, प्राथमिक उपचार टोलि, महिला स्वयम सेविका, LEOC, बडघर, तथा चौकीदार विषयगत शाखाहरु, WDMC, जिल्ला प्रशासन कार्यालय

**सहयोगी निकायः**

स्थानीय सरकार, रेडक्रस, सुरक्षा निकाय, NGO INGO (विपतसँग सरोकारवाला) LEOC, WDMC, जिल्ला प्रशासन कार्यालय, मिडिया, विषयगत शाखाहरु

**बजेटः**

संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, NGO INGO (आवश्यकता अनुसार)

**३ दिने गतिविधी**

- विपत व्यवस्थापन समितिको बैठक
- जिम्मेवार बाँडफाँड (कार्य विभाजन)
- समन्वय (वडा, जिल्ला, टोल, समुदाय, सुरक्षा निकाय, NGO INGO, CDMC, Communication Channel, अन्य सबै सरोकारबाला निकाय, मिडिया, एफएम, रेडियो, टेलिभिजन, फेसबुक पेज, विभिन्न प्रकारका बेइभसाईडहरु, अनुगमन समितिलाई सक्रिय, बिषयगत शाखालाई सक्रिय

जिम्मेवार निकायः

स्थानीय सरकार, Task Team, CDMC, Red Cross, Communication Media, खोज तथा उद्धार टोली, प्राथमिक उपचार टोली, महिला स्वयमसेविका, LEOC, बडघर तथा चौकीदार, विषयगत शाखाहरु, WDMC जिल्ला प्रशासन कार्यालय, मिडिया, विषयगत शाखाहरुलाई सक्रिय गराउने र जिम्मेवारी दिने

बजेट

संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, NGO INGO (आवश्यकता अनुसार)

**<u>खाद्य सुरक्षा सम्बन्धी अग्रिम कार्य योजना</u>**

खाद्य समितको बैठक बस्ने

७ दिनः

- स्थानीय बजारको अनुगमन गर्ने
- बजारमा भएको सामानको एकिन गर्ने
- स्थानीय व्यापारी तथा उद्योग वाणिज्य संघसँग छलफल गर्ने
- स्थानीय बजारमा नभए छिमेकी बजारसँग समन्वय गर्ने
- आपूर्ति कर्ताको पहिचान गरी जिम्मेवारी बाँडफाँड गर्ने

- खाद्य समितिको बैठक बस्ने

३ दिनः

- स्थानीय व्यापारीसँग सामानको बारेमा छलफल गर्ने
- जिम्मेवारी दिइएको व्यापारीसँग सामान भए नभएको एकिन गर्ने
- जिम्मेवारी दिइएका व्यापारीहरुलाई प्याकिङ्ग गरेर तयारी अवस्थामा राख्न लगाउने
- सामान ढुवानीको लागि यातायातको व्यवस्थापन गर्ने
- यातायातको बाटो घाटोको अनुगमन गरि निरिक्षण गर्ने
- बाटो घाटोको अवस्था बुझी बिग्रे भत्किएको भए स्थानीय सरकार तथा बडघरसँग समन्वय गरी मर्मत गर्न लगाउने
- किसानहरुलाई काटीएको बाली सुरक्षित ठाउँमा राख्न लगाउने र नकाटिएको भए नकाट्न सुझाव दिने
- व्यापारीबाट लिइएको सामान भण्डारण गर्ने ठाउँको चेकजाँच गर्ने भण्डारण गर्ने ठाउँ नभए अर्को ठाउँको व्यवस्थापन गर्ने

१ दिनः

- सामानको चेक जाँच गर्ने
- साधनलाई छिटो, छिटो आउने र लोड गर्न लगाउने
- खाद्य सामाग्रीलाई भण्डारणमा सुरक्षितसँग राख्न लगाउने
- कामको बाडफाड गरि मेसको व्यवस्थापन गर्ने
- शुद्ध खानोपानीको व्यवस्थापन गर्ने

**आर्थिक व्यवस्थापनः**

खाद्यवस्तुको आपूर्ति गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, रेडक्रस, विश्व खाद्य कार्यक्रम, लगायतका दातृ संघ संस्थाहरुसँग समन्वय गरी आर्थिक संकलन गरी व्यवस्थापन गर्ने

सम्पूर्ण गतिविधीको सुरक्षा तथा संरक्षणको लागि इलाका प्रहरी कार्यालय पाताभारलाई जानकारी गरी समन्वय गर्ने

१ दिने गतिविधी

- जिम्मेवार बाँडफाँड (आपतकालिन)
- सरोकारबाला व्यक्ति तथा संघसंस्थाहरुलाई, समुदाय, वडाहरुलाई, विभिन्न माध्यमबाट तथा मिडियाको प्रयोग गरी सूचनालाई प्रवाह गर्ने
- साइरन बजाउने, हाते माईकद्धारा जानकारी तत्काल गराउने
- झण्डाद्धारा जानकारी गराउने
- बडघर तथा चौकीदारहरुलाई टोलमा तत्काल जानकारी गर्न लगाउने
- सुरक्षित ठाउँमा गई आ-आफ्नो महत्वपूर्ण सामाग्री सहित जाने भनि तत्काल समुदाय स्तरमा जानकारी गराउने ।
- खोलाको नजिक छेउछाउ नजान सूचना प्रवाह गर्ने

जिम्मेवार निकायः

स्थानीय सरकार, Task team, सुरक्षा निकाय, रेडक्रस, CDMC,WDMC, Communication Channel, सबै सुरक्षा निकायहरु, LEOC

सहयोगी निकायः स्थानीय सरकार, त्बकप त्भक, सुरक्षा निकाय, रेडक्रस, स्थानीय सरोकारबाला सम्पूर्ण

बजेटः

स्थानीय सरकार, रेडक्रस, NGO, INGO (आवश्यकता अनुसार)

**<u>बन्दोबस्ती सम्बन्धी अग्रिम कार्य योजना</u>**

**बन्दोबस्ती क्षेत्र**

७ दिने सूचना पछि:

- कार्य समितको बैठक बस्ने
- सेल्टर हाउस वा सुरक्षित बाटोको पहिचान गरिराख्ने
- बजार सम्म जाने सुरक्षित बाटोको पहिचान गरि राख्ने
- खोज तथा उद्धारका सामाग्रीहरुको चेक जाँच गर्ने
- खानेपानी र खाद्यान्नको अवस्थाको चेक जाँच गर्ने
- खोज तथा उद्धारको टोलीलाई तयारी अवस्थामा राख्ने
- प्राथमिक उपचारका सामाग्रीहरु चेक जाँच गर्ने
- जोखिम पूर्ण समुदाय र घरधुरीको पहिचान गर्ने
- पूर्व सूचनाका सामाग्रीहरु चेकजाँच गर्ने
- सहयोगी सुचनाका सामाग्री चेक जाँच गर्ने
- सहयोगी निकायहरुसँग समन्वय गर्ने

३ दिने सुचना पछि

- कार्य समितको बैठक बस्ने
- कार्य क्षेत्रको बाडफाड गर्ने
- सेल्टर हाउस र सुरक्षित स्थानलाई बसोबासको लागि तयार पार्ने
- खोज तथा उद्धार सामाग्री तयारी अवस्थामा राख्ने
- खानेपानी र खाद्यान्न तयारी अवस्थामा राख्ने
- प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राख्ने
- जोखिमपूर्ण समुदाय र घरधुरीलाई सतर्कता अवस्थामा राख्ने
- पूर्व सूचनाका सामाग्रीलाई तयारी अवस्थामा राख्ने
- बजारबाट प्राप्त हुने सामाग्रीहरु खरिद गरि तयारी अवस्थामा राख्ने
- सहयोगी निकायलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने
- सामाजिक सुरक्षाका व्यक्तिहरुको घर पहिचान गरि तयारी अवस्थामा बस्न लगाउने
- लैङ्गिकताको आधारमा बसोबासको र शौचालको व्यवस्था गर्ने

**२४ घण्टे सूचना पछि**

- कार्य समितिको आपतकालिन बैठक बस्ने
- प्राप्त जिम्मेवारी पुरा भए नभएको चेक जाँच गर्ने
- सुचनाको आधारमा समुदायलाई सुरक्षित स्थानमा जान अनुरोध गर्ने
- प्राथमिक उपचारका सामाग्रीहरु प्रयोगमा ल्याउने
- खोज तथा उद्धारको सामाग्रीहरु प्रयोग गरी टोली खटाउने
- त्वकप ँयचअभ को परिचालन गर्ने
- तयारी अवस्थामा रहेको खाद्यान्नको प्रयोग गर्ने
- झटपट झोला लिएर महत्वपूर्ण कागजात सहित सुरक्षित स्थानमा जाने
- सुरक्षित स्थानमा पशु चौपायाको व्यवस्थापन गर्ने
- खानेपानीको उच्चधाराको प्रयाग गर्ने
- सुरक्षाकर्मीलाई जानकारी गराउँदै सहयोगमा आउन अनुरोध गर्ने
- प्रभावित समुदायको संरक्षण र शान्ति सुरक्षाको व्यवस्था मिलाउने
- अपाङ्ग, विरामी, गर्भवती, घाईते, जेष्ठ नगारिकहरुलाई सुरक्षित स्थानसम्म पु¥याउने

जिम्मेवार निकायहरु:
गेरुवा गाउँपालिका र वडा कार्यालय साथै रेडक्रस

सहयोगी निकायहरुः CDMC, WDMC, LDMC, LEOC, NGO, INGO नेपाल प्रहरी, नेपाली सेना, छिमेकी गाउँ, टोल

बजेटः स्थानीय सरकार, नेपाल सरकार, NGO, INGO

**विपद्मा आवश्यक पर्ने पालिका स्तरका प्रमुख साझेदारहरुको संम्पर्क विवरण**

| क.सं | कार्यालय वा संस्था | मोबाइल नम्बर | कार्यालयको टेलिफोन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कर्णाली नदीको जलसतह र वर्षा थ्रेसहोल्ड

| जल सतह | कर्णाली नदि जल सतह (मिटर) चिसापानी जलमापन केन्द्र | समग्र बर्षा (मिलीमिटर) कर्णाली जलाधारमा रहेको बर्षामापन केन्द्रहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | १ घण्टा | ३ घण्टा | ६ घण्टा | १२ घण्टा | २४ घण्टा |
| सतर्कता सतह | | | | | | |
| खतरा सतह | | | | | | |

आज्ञाले
बस बहादर राना
प्रमुख प्रशासकीय अधिकृत